

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २८ गते सोमबार ❑ 11 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा महानगरले मनायो स्थापना दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन

पोखरा महानगरपालिको सातौँ स्थापना दिवस विविध कार्यक्रम आयोजनाका साथ सम्पन्न भएको छ।

स्थापना दिवसका अवसरमा आइतबार रक्तदान कार्यक्रम, 'पोखरा भवन' र पुल शिलान्याससहित मूल समारोहको आयोजना गरियो । पोखरा-९ पृथ्वीचोकमा एकीकृत पर्यटकीय सूचना केन्द्र, पुस्तकालय, आर्ट ग्यालरी र घण्टाघरसहित बन्ने ' पोखरा भवन'को महानगर प्रमुख धनराज आचार्यले शिलान्यास गर्नुभएको हो। तीनतले उक्त भवन रु १० करोडको लागतमा निर्माण हुनेछ। स्थापना दिवसकै अवसर पारेर पोखरा-१९ खुइतेखोलामा पुलको शिलान्यास गरिएको महानगरका प्रवक्ता मोतिलाल तिमिल्सिनाले जानकारी दिनुभयो। पोखरा सभागृहमा आयोजित मूल समारोहमा महानगर प्रमुख आचार्यले आगामी वर्षदेखि पुस



२ गते महानगर स्थापना दिवस मनाइने बताउनुभयो। विसं २०१६ पुस २ गते तत्कालीन पोखरा नगरपालिका स्थापना भएको दिनलाई नै महानगर स्थापना दिवसका रूपमा मनाइएको उहाँले बताउनुभयो । नगरपालिका, उपमहानगरपालिका हुँदै २०७३ सालमा पोखरा महानगरपालिका बनेको हो । महानगरप्रमुख आचार्यले महानगरको सिङ्गो टोली एकजुट भएर लागेमा मात्र नागरिकलाई प्रतिफल दिन सकिने बताउनुभयो । "म एक्लै हिँडेर कहीँ पुग्न सक्दिन, सबैले आ-आफ्नो उत्तरदायित्व बहन गरौँ, जिम्मेवारीलाई मनन गरौँ", उहाँले भन्नुभयो, "महानगरको राम्रो आधार तयार भएको छ, अब समुन्नत महानगर बनाउनतर्फ जनप्रतिनिधि, कर्मचारीलगायत सबैले हातेमालो गरौँ।"

पोखराको महेन्द्रपुलमा जिर्ण अबस्थामा रहेको पुस्तकालय रहेको भवन भत्कायर महानगरले हाल अन्तराष्ट्रिय झण्डा पार्क बनाएको छ। पोखरा महेन्द्रपुलमै जिर्ण अबस्थामा रहेको पोखरा आर्ट ग्यालरीमा हाल सार्वजनिक सौचालय निर्माण भएको छ । उक्त कार्यक्रममा पोखरा महानगरका प्रवक्ता मोतीराम तिमिल्सिना, पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानी लगायतले वोल्नु भएको महानगरले जनाएको छ। कार्यक्रममा चर्चीत काटुनिष्ट दुर्गा बराल वात्सायनको समेत उपस्थिती रहेको थियो। महानगरको कर्मचारी व्यवस्थापनको समस्या छिट्टै समाधान हुने र अबदेखि कर्मचारीको पदपूर्ति लोकसेवा आयोगमार्फत गरिने प्रमुख आचार्यले बताउनुभयो । महानगरपालिकाको सल्लाहकार परिषद्का संयोजक आनन्दराज मुल्मीले जनप्रतिनिधि र कर्मचारी जवाफदेही बन्नुपर्ने बताउनुभयो।

जनआकाङ्क्षा पूरा गर्न पोखरा महानगरपालिकाले आफ्नो संस्थागत कार्यक्षमता वृद्धि गर्नुपर्ने उहाँले बताउनुभयो । वातावरणमैत्री, फोहोरमैलामुक्त र अपराधमुक्त पोखरा सहर निर्माणका लागि महानगरले अगुवाइ गर्नुपर्नेमा संयोजक मुल्मीले जोड दिनुभयो।

## बेगनास तालमा ड्रागन बोट रेस हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन

पोखरा ३१ को बेगनाथ तालमा आउँदो चैत दोश्रो साता प्रथम राष्ट्रिय बेगनास ड्रागन बोट रेस २०८० हुने भएको छ।

नेपाल ड्रागन बोट संघ गण्डकी प्रदेश, पोखरा महानगरपालिका, होटल तथा रेस्टुरेन्ट एसोसियसन लेखनाथको संयुक्त आयोजना उक्त रेस आउदो चैतको ११ र १२ गते हुने भएको एसोसियसन लेखनाथका अध्यक्ष वीरभद्र कँडेलले बताए । उक्त प्रतियोगितामा देशका विभिन्न क्षेत्रबाट करिब १८ टिम सहभागि हुने उनले जनाए । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको प्रवर्धनमा हुने प्रतियोगितामा सहभागि हुने टिमका खेलाडीहरुको लागि प्रतियोगिताको सन्र्दभमा केही दिन अघि तीन दीने प्रशिक्षण हुने भएको छ । उक्त



अवसरमा खेलाडीहरुको समेत छनौट हुने भएको अध्यक्ष कँडेलले उल्लेख गरे। एक टिममा न्यूनतम १२ देखि १५ जना खेलाडीहरु समावेस गर्ने भएको छ भने खेलाडी दर्ता निःशुल्क रहेको आयोजकले जनाएको छ। प्रतियोगिता न्यूनतम ५ सय मिटर देखि एक हजार मिटरसम्म हुन सक्ने त्यसको लागि प्राविधिक टिमले निर्धारण गर्ने आयोजकले जनाएको छ। उक्त प्रतियोगिताले बेगनास ताल क्षेत्रको खेल पर्यटनको प्रबर्द्धनमा थप टेवा पुग्ने भएको स्थानिय श्रीराम कँडेलले दाबी गरे । यस अघि गत बर्ष पोखराको फेवातालमा चाइना सरकारको बिषेश पहलमा खुल्ला अन्तराष्ट्रिय ड्रागन बोट रेस भएको थियो । उक्त प्रतियोगिताको अवधिमा पोखरामा भित्रिएको लामो डुंगा ड्रागनको आकृति भएको ८ वटा बोट प्रतियोगितामा प्रयोग हुने भएको छ।

## दुई लाख राशिको भलिबलको उपाधि गलकोट नगरपालिकालाई

**पोखरापत्र संवाददाता**
पर्वत, २७ फागुन

तेस्रो राष्ट्रिय मगर महोत्सवअन्तर्गत यहाँ आयोजित खुल्ला पालिका स्तरीय भलिबल प्रतियोगिताको उपाधि बागलुङको गलकोट नगरपालिकाले हात पारेको छ।

४२औँ राष्ट्रिय मगर दिवसको अवसरमा जिल्लाको पुन क्लबको आयोजनामा 'खेल खेलाडीका लागि, खेलाडी राष्ट्रका लागि' भन्ने नाराका साथ आयोजना गरिएको भलिबल प्रतियोगितामा पर्वतको कुश्मा नगरपालिकालाई पराजित गर्दै गलकोट विजयी बनेको हो। यससँगै गलकोटले रु दुई लाख दुई हजार दुई सय २२ सहित ट्रफी, मेडल र प्रमाणपत्र पाएको छ। उपविजेतामा चित्त बुझाएको कुश्माले रु एक लाख एक हजार एक सय ११ सहित ट्रफी, मेडल र प्रमाणपत्र पाएको छ। 'वेस्ट अफ फाइभ' को आधारमा भएको 'फाइनल' खेलमा चार 'सेट' खेलिसक्दा तीन 'सेट' गलकोटले जितेपछि पाँचौँ सेट नखेल्दै गलकोट विजेता बनेको हो । पहिलो, तेस्रो र चौथो 'सेट' क्रमश : २५-१५, २५-१७ र २५-१८ मा गलकोटको पक्षमा पर्दा दोस्रो 'सेट' ३१-२९ को नतिजासहित कुश्माले हात पारेको थियो। प्रतियोगितामा पर्वतकै फलेवास नगरपालिकाले तेस्रो स्थान बनाएको छ। यससँगै उसले रु ५० हजार एक सय ११ हात पारेको छ । फलेवासलाई पर्वतकै बिहादी गाउँपालिकाले 'वाक ओभर' दिएको थियो। यस्तै रु ७७ हजार पुरस्कार राशि रहेको खुल्ला पालिकास्तरीय पुरुष प्रौढ भलिबल प्रतियोगिताको उपाधि पोखरा महानगरपालिकाले जितेको छ । शनिबार नै भएको फाइनल खेलमा पर्वतको कुश्मालाई पराजित गर्दै पोखरा भेट्रान्सले रु ७७ हजार सात सय ७७ प्राप्त गरेको छ।

## सात महिनामा आठ खर्ब ३९ अर्ब विप्रेषण, १२ महिनाको आयात धान्ने मुद्रा सञ्चिति

**रासस**
काठमाडौं, २७ फागुन

चालु आर्थिक वर्ष २०८०/८१ को माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह, चालु खाता, शोधनान्तर स्थिति, विदेशी मुद्रा सञ्चितिलगायतका सूचकहरु सकारात्मक देखिएका छन् ।

नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालु आर्थिक वर्षको सात महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह २१ दशमलव छ प्रतिशतले वृद्धि भई रु आठ खर्ब ३९ अर्ब पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २७ दशमलव एक प्रतिशतले बढेको थियो।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह १९ दशमलव एक प्रतिशतले वृद्धि भई अमेरिकी डलर छ अर्ब ३१ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १६ दशमलव चार प्रतिशतले बढेको थियो। माघ मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या दुई लाख ४७ हजार १२ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या एक लाख ५८ हजार पाँच सय ४० रहेको छ। चालु आर्थिक वर्षको सुरुवाती सात महिनामा खुद ट्रान्सफर २० प्रतिशतले वृद्धि भई रु नौ खर्ब १० अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २५ दशमलव दुई प्रतिशतले बढेको थियो। यो अवधिसम्ममा पुँजीगत ट्रान्सफर २९ प्रतिशतले कमी आई रु तीन अर्ब ८० करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु पाँच अर्ब १८ करोडले धनात्मक रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु पाँच अर्ब ३५ करोड कायम भएको थियो भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु एक अर्ब चार करोडले धनात्मक रहेको थियो।

चालु खाता एवम् शोधनान्तर स्थिति पनि सकारात्मक देखिएका छन् । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा चालु खाता रु एक खर्ब ६१ अर्ब ६९ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु ४० अर्ब १६ करोडले घाटामा रहेको थियो।

## मुआब्जा लिएपछि दमौलीमा घर भत्काउन थालियो

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ फागुन

मुग्लिन-पोखरा सडक विस्तार आयोजना अन्तर्गत तनहुँको सदरमुकाम दमौलीका बासिन्दाले मुआब्जा लिएर घर भत्काउन थालेका छन् । दमौलीमा भत्किने सत्तरी घरमध्ये पचास जनाले पहिलो किस्ता बापतको मुआब्जा बुझेर घर भत्काउन सुरु गरेका हुन् ।

पहिलो किस्ता लिएकामध्ये तेह्र जनाले आफैँ घर भत्काउन सुरु गरेका छन् । जिल्लाको बन्दीपुर डुम्रेदेखि दमौलीतर्फ सडक विस्तारका कार्य अघि बढाइएपछि सडक मापदण्डमा पर्ने दमौलीका घर भत्काउन थालिएको हो । घर भत्काइसकेपछि बाँकी दोस्रो किस्ता बापतको मुआब्जा प्रदान गरिने मुग्लिन-पोखराको पूर्वी खण्डका इञ्जिनीयर विष्णु पाण्डेले जानकारी दिनुभयो । दमौलीका घरका लागि करिब रु ६ करोड मुआब्जा वितरण गरिनेछ, उहाँले भन्नुभयो "वर्तमान सडकको डिजाइनअनुरुप सडक केन्द्रबाट दायाँबायाँ २३/२३ मिटरको हुनेछ ।" दमौलीका घर बचाउनका लागि मापदण्ड घटाइयो भनेर गलत प्रचार गर्ने कार्य भएको हुँदा सडकको



मापदण्ड फेरबदल हुन नसक्ने उहाँले बताउनुभयो । पृथ्वीराजमार्ग सडक अन्तर्गत पूर्व-पश्चिम गरी दुई खण्डमा यतिबेला सडक विस्तारका कार्य तीव्र गतिमा भइरहेको छ।

हालको भौतिक प्रगति अनुरुप पूर्वी खण्डमा ५१ प्रतिशत र पश्चिम खण्डमा १७ दशमलव पाँच प्रतिशत रहेको छ। उहाँका अनुसार दमौली र डुम्रे बजार क्षेत्रमा छ लेनको सडक बन्नेछ । राजमार्गको अन्य क्षेत्रमा चार लेनको सडक कायम रहेको छ। आयोजनाको पूर्वी खण्डमा एकतर्फी ३२ किलोमिटर दूरीमा कालोपत्र गरिसकिएको आयोजनाले जनाएको छ । उक्त सडक अन्तर्गत चारलेनको बाह्र किलोमिटर र दुई लेनको आठ किलोमिटर सडक कालोपत्र गरिएको हो । पूर्वी खण्डमा ४१.७ किलोमिटर दूरी रहेको छ। पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । पूर्वी खण्डका लागि रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का सम्झौता भएको हो । उक्त खण्डको सम्पन्न गर्नुपर्ने म्याद विसं २०८१ वैशाखसम्म रहेको छ। कोभिडको समयमा निर्माण स्थगित भएपछि नेपाल सरकारबाट छ महिना म्याद थप गर्ने प्रक्रियामा रहेको उहाँले बताउनुभयो।

## माओवादीले दाहाललाई अध्यक्षको उम्मेदवार बनाउने

**रासस**
काठमाडौं, २७ फागुन

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)ले राष्ट्रियसभा अध्यक्षमा नारायण दाहाललाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको पदाधिकारी बैठकले सांसद दाहाललाई अध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको पार्टी उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले राससलाई जानकारी दिनुभयो । राष्ट्रियसभा अध्यक्षको निर्वाचनका लागि सोमबार बिहान ११ देखि अपराह्न ३ बजेसम्म उम्मेदवारी दर्ता गर्ने कार्यक्रम तय गरिएको छ । यही फागुन २९ गते मङ्गलबार राष्ट्रियसभा अध्यक्षको निर्वाचन हुँदैछ। बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले यही फागुन ३० गते लिने विश्वासको मतका सम्बन्धमा पनि छलफल भएको थियो । प्रतिनिधिसभामा प्रधानमन्त्री प्रचण्डले सोही दिन विश्वासको मत लिने कार्यक्रम छ।




# गण्डकीमा 'सबैका लागि टेनिस, सधैँका लागि टेनिस'

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन

गण्डकी प्रदेशमा बालबालिकाका लागि टेनिस प्रशिक्षण सञ्चालन गरिएको छ। यसबाट युवा प्रतिभाको पहिचान गर्न थप सहज हुने अपेक्षा गरिएको छ।

प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजनामा 'खेल्छ गण्डकी' कार्यक्रमअन्तर्गत बालबालिकाका लागि टेनिस प्रशिक्षण 'सबैका लागि टेनिस, सधैँका लागि टेनिस' नाराका साथ प्रशिक्षण सुरु भएको हो। पोखरा रङ्गशालास्थित टेनिस कोर्टमा गण्डकी प्रदेश टेनिस सङ्घको समन्वय तथा कास्की जिल्ला टेनिस सङ्घको प्राविधिक सहयोगमा शनिबारदेखि कार्यक्रम सुरु भएको हो। बालबालिकाका लागि आयोजना गरिएको यो कार्यक्रम दुई महिना सञ्चालन हुनेछ।

मोबाइलमा रमाउने बालबालिकालाई खेलमैदानसम्म ल्याएर प्रतिस्पर्धी खेलाडी उत्पादनको लक्ष्य राखिएको गण्डकी प्रदेश टेनिस सङ्घका सचिव नवीन चालिले जानकारी दिनुभयो। प्रशिक्षण कार्यक्रममा छदेखि १६ वर्ष सम्मका २५ बालबालिकालाई सहभागिता गराइएको छ। प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्यसचिव श्रीधर शर्मा‍ले 'खेल्छ गण्डकी' कार्यक्रम प्रदेशको खेलकुद विकासका लागि एक अभियान रहेको बताउनुभयो।

बालबालिकाका लागि टेनिस प्रशिक्षणले देशका लागि आवश्यक दक्ष टेनिस खेलाडी उत्पादन गर्न कार्यक्रमले सहयोग पुग्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "खेल्छ गण्डकी' कार्यक्रम खेलकुदको क्षेत्रमा अविरल बगिरहने पवित्र अभियान रहेको नदीजस्तै हो। टेनिसले खेलकुदबाट टाढा रहेकालाई मैदानमा ल्याएर उल्लेखनीय कार्य गरेको छ। कार्यक्रमले खेल संस्कृति र खेलकुद विकास अभियानमा समेत महत्त्वपूर्ण छ।"

गण्डकी प्रदेश टेनिस सङ्घका अध्यक्ष विनोद कायस्थले गण्डकीको टेनिस खेलमा विगतको इतिहासले विपन्न वर्गका बालबालिकाबाटै सुरु भएकाले यस कार्यक्रममार्फत पहिलोपटक सोही वर्गका बालबालिकालाई समेटिएको बताउनुभयो। "खेल्छ गण्डकी कार्यक्रम एक महत्त्वपूर्ण कार्यक्रम हो। यो कार्यक्रममार्फत समाजमा पछि परेका बालबालिकालाई टेनिस मैदानसम्म ल्याएर राष्ट्रिय खेलाडी उत्पादन गर्ने लक्ष्य लिएका छौँ", उहाँले भन्नुभयो।

# सहारा एकेडेमीलाई साफको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन



विकास कार्यक्रमअन्तर्गत दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले सहारा फुटबल एकेडेमीलाई ४० थान केल्मी फुटबल सहयोग गरेको छ।

आइतबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा साफ प्रतिनिधिले यु-१६ महिला फुटबलको फाइनल समारोहबीच सहारा प्रतिनिधिलाई फुटबल बल हस्तान्तरण गरेका हुन्।

साफका महासचिव अन्वारुल हकले सहाराका अध्यक्ष केशवराज बराल तथा संस्थापन सदस्य शान्ती केसीलाई बल उपलब्ध गराएका हुन्। बल प्राप्त गरेसँगै सहाराका अध्यक्ष बरालले साफको सहयोग भएकोमा अखिल नेपाल फुटबल संघ (एन्फा) र साफलाई धन्यवाद ज्ञापन गरे। उनले भने, 'हाम्रो एकेडेमीलाई एन्फामार्फत साफले ठूलो सहयोग भएको छ। यसको लागि आभारी छौं,' बरालले भने। भारतलाई पेनाल्टी सुटआउटमा हराउँदै बंगलादेशले साफको उपाधि जितेको छ।

# तनहुँ जलविद्युत्‌मा स्थानीयलाई रोजगारी

**रासस**
दमौली, २७ फागुन

तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामा तनहुँभित्रका एक हजार सात सयभन्दा बढीले रोजगारी पाएका छन्।

नेपाल विद्युत् प्राधिकरणको प्रवर्द्धक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडमार्फत निर्माण भइरहेको आयोजनाको विभिन्न प्याकेजमा तनहुँभित्रका एक हजार सात सय ७० जनाले रोजगारी पाएका हुन्।

प्रभावित स्थानीय तह र जिल्लाभित्रका बासिन्दालाई रोजगारी दिने उद्देश्यसहित प्याकेज एक, प्याकेज दुई र प्याकेज तीन मै स्थानीयलाई रोजगारीको व्यवस्था मिलाइएको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो। श्रेष्ठले भन्नुभयो, "तनहुँकै सबैभन्दा ठूलो आयोजनाको काममा स्थानीयलाई नै प्राथमिकता दिएका हौँ।"

उहाँका अनुसार आयोजनाबाट प्रभावित घरधुरीमध्येबाट ३२, प्रभावित वडाबाट एक हजार पाँच सय ७७ र प्रभावित क्षेत्रबाट एक सय ६१ गरी तनहुँभित्रका एक हजार सात सय ७० जनाले रोजगारी पाएका छन्। त्यसमध्ये प्याकेज १ मा एक सय ३०, प्याकेज २ मा एक सय ९७, प्याकेज ३ मा २० जनाले रोजगारी पाएका छन्। त्यस्तै तनहुँ हाइड्रोपावर लिमिटेडमा ४१, पिएससीतर्फ नौ र सिडिपीमा एक हजार तीन सय ६६ जनाले रोजगारी पाएका छन्। सबै प्याकेजमा तनहुँ बाहिरका एक हजार ४१ र विदेशी एक सय ४५ जनाले रोजगारी पाएको आयोजनाले जनाएको छ। सबैमा गरी कूल दुई हजार नौ सय ५६ जनाले रोजगारी पाएका छन्। त्यसमध्ये दुई हजार छ सय ६३ पुरुष छन् भने दुई सय ९३ महिला छन्।

निर्माण सुरु भएको पाँच वर्षको अवधिमा आयोजनाले ५१ दशमलव ४४ प्रतिशत भौतिक प्रगति गरेको छ। यस्तै ४६ दशमलव ३४ प्रतिशत आर्थिक प्रगति हासिल भएको छ। आयोजनाले तीन प्याकेजमा ठेक्कामार्फत काम गरिरहेको छ।

श्रेष्ठका अनुसार प्याकेज १ मा २७ दशमलव ७५ प्रतिशत भौतिक र २३ दशमलव ८८ प्रतिशत आर्थिक प्रगति भएको छ। प्याकेज २ मा ५१ दशमलव १४ प्रतिशत भौतिक र ४४ दशमलव शून्य नौ प्रतिशत आर्थिक प्रगति भएको छ भने प्याकेज ३ मा ७६ दशमलव पाँच प्रतिशत भौतिक र ७२ दशमलव छ प्रतिशत आर्थिक प्रगति हासिल भएको श्रेष्ठले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "तीनवटै प्याकेजको काम तीव्र गतिमा भइरहेको छ, आयोजनाको प्रगति सन्तोषजनक रहेको छ।" आयोजनाको कामलाई निर्धारित मिति सन् २०२६ मै सम्पन्न गर्ने लक्ष्यसहित कामलाई अगाडि बढाइएको उहाँले बताउनुभयो। आयोजनाको महत्वपूर्ण काम रहेको बाँध निर्माण केही महिना अघिदेखि जारी छ। ऋषिङ गाउँपालिका-१ र व्यास नगरपालिका-५ सिमाना भएर बग्ने सेती नदीलाई एक सय ४० मिटर अग्लो कङ्क्रिट मुख्य बाँध निर्माणस्थलभन्दा माथिल्लो तटीय क्षेत्रबाट छ सय २६ दशमलव ९२ मिटर लामो सुरुङ निर्माण गरी फर्काइएको छ। डाइभर्सन सुरुङमार्फत फर्काइएको पानीलाई मुख्य बाँध निर्माणस्थलबाट तल्लो तटीय क्षेत्रमा पुनः सेती नदीमा खसालिएको छ। बाँध निर्माणका लागि नदी फर्काउने कामलाई महत्वपूर्ण मानिन्छ। सन् २०२१ बाट निर्माण सुरु भएको डाइभर्सन टनेल हालै निर्माण सम्पन्न भएपछि नदी फर्काउने काम गरिएको हो।

अब मुख्य बाँध निर्माण अवधिसम्मका लागि नदी फर्काउनका करिब ४० मिटर अग्लो अस्थायी कङ्क्रिट बाँध (कफर ड्याम) निर्माण गरिने छ। उक्त बाँध आगामी मनसुन सुरु हुनुभन्दा पहिले नै निर्माण सक्ने गरी काम भइरहेको आयोजना प्रमुख राजभाइ शिल्पकारले बताउनुभयो। आयोजनाको मुख्य निर्माण कार्यलाई तीन प्याकेजमा विभाजन गरी काम भइरहेको छ। प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि. नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेबाट कार्यान्वयनमा आएको थियो। आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका प्याकेज-२ को निर्माण कार्यका लागि सिनो हाइड्रो कर्पोरेसन, चीनसँग विसं २०७५ असोज १५ गतेखरिद सम्झौता भएको थियो। निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौता बमोजिम निर्माण कार्य सुरु गर्न कार्यादेश जारी गरेपश्चात सिनो हाइड्रोले विसं २०७५ माघ ६ गतेबाट आयोजनास्थलमा परिचालित भई निर्माण कार्य जारी राखेको छ। भूमिगत विद्युत् गृह खन्ने कार्य सम्पन्न गरी कङ्क्रिटिङ तथा टर्बाइनलगायतका उपकरणहरू जडान भइरहेको छ। टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ भने मुख्य सुरुङ खन्ने काम भइरहेको छ। प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका केइसी इन्टरनेशनल लिमिटेड, भारतसँग विसं २०७५ पुस १० गते भएको खरिद सम्झौता विसं २०७५ फागुन १० मा कार्यान्वयनमा आएको थियो। ३४ दशमलव सात किमि प्रसारण लाइनमा पर्ने ९४ टावरमध्ये ७४ टावरहरूको जग हालिएको छ। सोह्र टावरको जग संरक्षण गर्ने कार्य सम्पन्न भएको छ भने तीन स्थानमा जारी छ। यस अवधिमा निर्माण व्यवसायीले टावरका विभिन्न उपकरण छिर्कनेमा रहेको स्टोरमा आपूर्ति गरेको जनाइएको छ। आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत तनहुँमा विद्युतीकरण गर्नका लागि नेपाल विद्युत् प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना सम्पन्न भएको छ। यसअन्तर्गत स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि घिरिङ-४ र बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीका दुई सवस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ। उक्त सवस्टेसनसम्म विद्युत् पुऱ्याउनका लागि ३३ केभी लाइन निर्माण गरिएको छ। तनहुँको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँहरूमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मर जडान र ११ केभी लाइन निर्माण गरिएको छ। कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबिले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# बिशाल महादेवको मुर्तिमा १५ हजार दर्शनार्थी भित्रिदा ३ लाख भेटि संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन



पोखराको नयाँ पर्यटकीय एवं धार्मिक तिर्थ स्थल बिशाल महादेवको मुर्ति(भूमेश्वर) मा एकै १५ हजार भन्दा बढी दर्शनार्थी एवं पर्यटक भित्रिदा ३ लाख भेटि संकलन भएको छ।

पोखरा २२ (पुम्दी भुम्दी) को पुम्दीकोटमा रहेको बिशाल महादेवको मुर्तिमा दर्शन गर्न तथा अवलोकन गर्न पुगेका उक्त सङख्याका दर्शनार्थी तथा पर्यटकहरुबाट ३ लाख रुपैया भेटि संकलन भएको पुम्दीकोट कोट विकास संस्थाका अध्यक्ष एवं उद्योगपती चन्द्रकान्त बरालले बताउनु भयो। उक्त भेटिमा नेपाली, भारतीय पर्यटकहरुबाट बढी भेटि चढाइएको समितिले जनाएको छ। उक्त बिशाल महादेवको मुर्ति अवलोकन तथा दर्शन गर्नेहरुले मासिक करिब ५/६ लाख भेटि चढाउने गरेको अध्यक्ष बरालले जनाउनु भयो।

महाशिवरात्रि पर्वको अवसरमा गत शुक्रबार बर्षकै सबै भन्दा धेरै एकै दिनमा करिब १५ हजार दर्शनार्थी एवं पर्यटक उक्त बिशाल महादेवको मुर्ति अवलोकन गर्न पुगेको उहाँले दाबी गर्नु भयो। पुम्दीकोटबाट माछापुच्छ्रे, अन्नपूण सहितका हिमश्रृखला, फेवाताल, पोखरा, विश्व शान्ति स्तुपाः, सराङकोट, काहुँडाँडा लगायतका दृश्यावलोकन गर्न सकिन्छ। पोखराको मुख्यबजार क्षेत्रबाट करिब ८ किलोमिटर नजिक रहेको पुम्दीकोटमा जानको लागि छोरेपाटन तथा कालिमाटी, तिहार हुदै पनि जान सकिन्छ।

यसैबिच, आइतबार अन्तराष्ट्रिय कथा वाचिका राधिका दासीले बिशाल महादेवको मुर्ति अध्ययन अवलोकन गर्नु भएको छ। साथै उहाँलाई समितिका अध्यक्ष बरालले मायाको चिनो समेत हस्तान्तरण गर्नु भएको पूर्व प्रशासक एवं स्थानिय नरहरी बरालले जनाउनु भयो। साथै अन्तराष्ट्रिय कथा वाचिका दासीले पुम्दीकोटबाट दृश्यावलोकन समेत गर्नु भएको थियो।


## प्रजातन्त्रका आधारभूत पक्षहरू

- ◆संवैधानिक सर्वोच्चता
- ◆बहुलवादको सम्मान
- ◆विधिको शासन
- ◆शक्ति पृथकीकरण
- ◆आवधिक निर्वाचन
- ◆मौलिक हक
- ◆मानवअधिकार
- ◆पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- ◆सामाजिक न्याय तथा समावेशीकरण
- ◆आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास।


नेपाल सरकार
विज्ञापन बोर्ड



## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# अल्पमतमा परेपछि सिमा मिच्न मिल्दैन

एक वर्षअघि गण्डकी प्रदेशमा भत्किएको नेकपा एमाले, माओवादी केन्द्र  र राप्रपाको गठबन्धन फेरि ब्युउँताउने खोजिएको छ । केन्द्रमा राप्रपा नसमेटिएको भए पनि गण्डकीमा राप्रपा लिनुपर्ने अवस्था छ। काङ्ग्रेस नेतृत्वको सुरेन्द्र पाण्डेको सरकार अल्पमतमा परेको छ। सकभर सुरेन्द्र पाण्डेको सरकारलाई जोगाउन काङ्ग्रेस लागेपनि सोझो बाटोबाट सजिलो छैन । सरकार डुब्न नदिन जस्तोसुकै सम्झौता गर्ने प्रबृत्ति छासुरेन्द्र पाण्डे नेतृत्वको सरकारले पछिसम्म असर पार्ने काम हुन नदिन  नेकपा एमालेले दीर्घकालीन असर पर्ने खालका कुनै पनि निर्णय नगर्न गण्डकी प्रदेश सरकारलाई सचेत गराएको छ।

केन्द्रीय सत्ता समीकरण फेरबदल र माओवादी केन्द्रले वर्तमान गण्डकी सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि एमालेले सरकारको नेतृत्व लिनेगरी यस्तो आग्रह गरेको हो । फागुन २२ गते गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारमा प्रतिनिधित्व गर्ने माओवादी केन्द्रका दुई मन्त्री बर्खास्त गरेका थिए । त्यसको भोलिपल्टै माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । सभामुखसहित ८ जना सांसद रहेको माओवादीले समर्थन फिर्ता लिएपछि २७ सांसद रहेको कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको छ।

यही तथ्यमा टेकेर एमाले संसदीय दलको आइतबार बसेको बैठकले पाण्डे नेतृत्वले सरकार काम चलाउमा परिणत भएको स्मरण गराउँदै दूरगामी असर पर्ने काम कारबाही अगाडि नबढाउन सरकारलाई सचेत गराउने निर्णय गरेको हो । गण्डकी प्रदेशमा सरकार निर्माणको प्रक्रियामा सहज र स्वाभाविक राजनीतिक निकासका लागि वातावरण निर्माण गर्न सबैलाई आह्वान गर्ने र परिवर्तित परिस्थितिमा दलको तर्फबाट आवश्यक पहल गर्ने निर्णय पनि भएको एमाले प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले बताए। यसका लागि संवाद र समन्वय गर्न दलका नेता खगराज अधिकारीलाई जिम्मा दिने निर्णय गरिएको छ । नेपालीका अनुसार, समसामयिक राजनीतिक घटनाक्रमलाई कसरी निकास दिने भन्नेबारे दलका नेता अधिकारीले बैठकमा ब्रिफिङ गरेका थिए। फागुन २१ पछिको घटनाक्रमले एमालेलाई बलियो र निर्णायक तहमा पुऱ्याएको उनले चर्चा गरेका थिए । बैठकमा नयाँ सत्ता समीकरणको जोड-घटाउबारे पनि सामान्य कुराकानी भएको थियो ।

बैठकमा सहभागी अर्का एक सांसदका अनुसार, दलका नेता खगराज अधिकारीले अध्यक्ष केपी शर्मा ओलीले सबै प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया सुरु हुने र त्यसको तयारी थाल्न निर्देशन दिएको जानकारी गराएका थिए । गण्डकीमा एमालेसँग २२ सांसद छन् । माओवादी र एमाले मात्रले यहाँ सरकार बनाउन सम्भव हुँदैन। नेकपा एकीकृत समाजवादी पनि केन्द्रीय सत्ता गठबन्धनमा जोडिएकाले अब ३१ सांसद हुन्छन् । तर, माओवादीको तर्फबाट कृष्ण धिताल सभामुख भएकाले उनी सरकार निर्माणमा सहभागी हुन पाउँदैनन् । त्यस्तोमा बहुमत जुटाउन २ सांसद रहेको राप्रपाको समर्थन चाहिन्छ।

अर्कोतर्फ माओवादीको चुनाव चिन्हबाटै सांसद जितेका डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीका सांसद पनि अहिलेको गठबन्धनप्रति रुष्ट छन्। तर, उनले स्वतन्त्र निर्णय गर्न पाउँदैनन् । 'राप्रपालाई पनि मिलाउने प्रयत्न भएको कुरा अध्यक्षज्यूले भन्नुभएको छ,' खगराजको भनाइ उधृत गर्दै ती सांसदले भने । अधिकारी २०७९ पुस २५ देखि २०८० वैशाख १४ सम्म मुख्यमन्त्री थिए। उनी केन्द्र सरकारमा गृहमन्त्री पनि भइसकेका हुन । अनुभवि मुख्यमन्त्री खोजेको छ । त्सका लागि को उपयुक्त हुन्छ भनेर निर्णय लिनुपर्छ । राजनीतिक स्पिरताका लागि  मिलेर जानू अनस्था छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वस्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गलेश्वरमा चार लाख भेटी सङ्कलन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ फागुन

बेनी नगरपालिका-९ स्थित गलेश्वर मन्दिरमा महाशिवरात्रिका दिन रु चार लाखभन्दा बढी भेटी सङ्कलन भएको छ।

महाशिवरात्रि पर्वका अवसरमा शुक्रबार गलेश्वरमा पूजाआजा र दर्शन गर्न आएका भक्तजनले चढाएको भेटी आज बिहान गनिएको हो । यस वर्षको महाशिवरात्रि पर्वमा रु चार लाख २९ हजार तीन सय ८८ भेटी सङ्कलन भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका कोषाध्यक्ष गौमाया पुनले जानकारी दिनुभयो । पश्चिमको पशुपतिनाथका रूपमा परिचित गलेश्वरमा शिवरात्रिमा म्याग्दीका साथै पर्वत, बागलुङ, कास्की, चितवन, तनहुँ, स्याङ्जा, राजधानी काठमाडौंलगायत स्थानबाट करिब ५० हजार भक्तजन दर्शन गर्न आएका कोषाध्यक्ष पुनले बताउनुभयो ।

महाशिवरात्रि पर्वमा कालीगण्डकी स्नान र गलेश्वरमा पूजाआजा गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको छ। खेतीबाली लगाउने किसान फुर्सद, मौसम अनुकूल र बेनी-गलेश्वर सडक कालोपत्र भएकाले विगतको तुलनामा यसपालि भक्तजन आगमन बढेको कोषका सदस्य सचिव बलबहादुर खत्रीले बताउनुभयो ।

जिल्ला प्रहरी, सशस्त्र प्रहरी, सामुदायिक प्रहरी, विभिन्न विद्यालय, क्लब र आमा समूहका स्वयंसेवकको सहभागितामा महाशिवरात्रि मेलालाई व्यवस्थित गरिएको थियो। साउनको सोमबार, बालाचतुर्दशी र शिवरात्रिको भोलिपल्टै र अन्य समयमा मासिक रूपमा भेटी गन्ने गरिएको छ। गत साउनदेखि यता रु ३७ लाख ९८ हजार सात सय पाँच भेटी सङ्कलन भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका कार्यालय सचिव राम बानियाँले जानकारी दिनुभयो । गलेश्वरमा सङ्कलन भएको भेटी शालिग्राम वेद विद्याश्रम, ज्येष्ठ नागरिक आश्रम, कोषको कार्यालय सञ्चालन र भौतिक पूर्वाधार निर्माणमा खर्च गरिने कोषका उपाध्यक्ष बमबहादुर पुनले बताउनुभयो ।

# सहकारी र सहकार्यबाट सबल बन्दै महिला

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ फागुन

म्याग्दीका ग्रामीण भेगका महिला सहकारी र सहकार्यको माध्यमबाट सबल तथा सक्षम बन्दै गएका छन् । सहकारी संस्थामा आवद्ध भएपछि महिलाले बचत गर्ने बानीको विकास मात्र गरेका छैनन् उनीहरुको व्यक्तित्व विकास र क्षमता अभिवृद्धि हुँदैगएको छ।

म्याग्दीको सदरमुकाम बेनीस्थित दोभान कृषि सहकारी संस्थामा आवद्ध बेनी नगरपालिका-५ पुलाचौरकी सरिता किसान, मञ्जु पौडेल, शारदा विक लगायतले सहकारीमा बचत गर्ने र सहकारीबाटै ऋण लिएर कृषि उद्यम गरी आत्मनिर्भर बन्न सफल हुनुभएको छ।

त्यसैगरी बेनी-२ खबराको राधाकृष्ण सहकारी संस्थाको सहयोगमा त्यस क्षेत्रका महिला तरकारी र फलफूलखेती, पशुपालन लगायतका उद्यमशील काममा आवद्ध भएर आर्थिक रुपमा स्वावलम्बी बन्दै गएका स्थानीय पार्वती कार्कीले बताउनुभयो । घरायसी काममा सीमित रहने यहाँका महिला पछिल्लो समय सामाजिक क्षेत्रको नेतृत्वदायी भूमिका लिन अग्रसर बनेका छन्। आर्थिक रुपमा सक्षम भएर सामाजिक सङ्संस्थाको नेतृत्वसँगै सामाजिक विकृति न्यून गर्न उनीहरु सक्रिय छन्।

गाउँगाउँमा खुलेका महिला सहकारीमार्फत सङ्गठित बनेका महिला परिवारको खर्च आफैँ जुटाउन सफल भएका छन् । बेनी-१० की अंशु रोकाले सहकारीमार्फत ऋण काढेर  सुरु गरेको तरकारीखेतीबाट आफू आर्थिक रुपमा बलियो बन्दै गएको अनुभव सुनाउनुभयो । दुई रोपनी क्षेत्रफलमा व्यावसायिक तरकारीखेती गर्नुभएकी उहाँले परम्परागत रुपमा गर्दै आएको खेतीलाई व्यावसायिक बनाउँदै गोलभेडा, आलु, काउली, बन्दा, खुर्सानी, काँक्रोलगायत तरकारीखेती विस्तार गर्नुभएको छ। यसबाट मनग्य आम्दानी गर्न सफल भएको उहाँको भनाइ छ।

# जटाशंकर धार्मिक बिकास समितिको महाशिवरात्री मेला

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन



पोखरा महानगरपालिका २६ मा अवस्थित जटाशंकर धार्मिक बिकास समितिद्धारा १४औँ शिलिङ्गे महाशिवरात्री मेला सम्पन्न गरेको छ।

मेलाको उद्घाटन वडा नं २६ का वडाअध्यक्ष नरेन्द्र थापाले गर्नुहुदै धर्म, संस्कृतिको संरक्षण सँगै यसको सम्वर्द्धन गर्नु आज आवश्यकता रहेको बताउनुभयो। यस समितिले धार्मिक बिषयलाई श्रद्धा भक्तिका साथ सबैलाई समेट्दै अगाडि बढेको भन्दै उहाँले समितिको प्रशंसा गर्नुभयो। फागुन २४ र २५ गते दुईदिनसम्म संचालन भएको महाशिवरात्री मेलाले शिवरात्री पर्वको महत्व बुझाउन सहज हुने तवरले आयोजना गरिएको मेलाका सह-संयोजक बिकास रानाभाटले बताउनुभयो। सो मेलामा भगवान शिवसँग सम्बन्धित कथा बाचन सो मेलाको मुख्य आकर्षण बनेको थियो भने त्यस अलवा भजनकृतन, साँगितिक कार्यक्रम, महाआरतीको प्रस्तुतीले सुनमा सुगन्ध थपिदिएको थियो । मेलामा साना बालबालिकादेखि वृद्धवृद्धाहरु गरी करिब दुई हजार जनाको बाक्लो उपस्थिती रहेको मेलाका संयोजक युवापण्डित रामप्रसाद सिग्देलले जानकारी दिनुभयो । सो उद्घाटन कार्यक्रममा मन्दिरको कलासंस्कृति झल्कने र आन्तरिक तथा बाह्य पर्यटकको अकर्षणको केन्द्रविन्दु बनाउनका निम्ति करिब १० करोडको परियोजना (डिपिआर)सहित को वृत्तचित्र प्रर्दशन गरिएको धार्मिक बिकास समितिका सचिव बिशाल राजभाटले बताउनुभयो । कार्यक्रममा गणेश तथा भद्रकाली मन्दिर समितिका अध्यक्ष योगेन्द्रमान शेरचन, भगवती हाइडो पावरका संचालक बसन्तमोहन भट्टराई, समितिका सल्लाहकार हरिप्रसाद अधिकारी, चन्द्रबहादुर रानाभाट, समाजसेवी रामचन्द्र अधिकारी, रवि बराल, वडा नं २६ का वडा सदस्य तिर्थ बहादुर राजभाट लगायतले शिवरात्रीको महत्व र धर्मिक क्षेत्रमा समितिबाट गरिएका कार्यको बारेमा आ-आफ्नो भनाई राख्नुभएको थियो।

# वड्स एकेडेमीमा पुरस्कार वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन




पोखराको लेकसाइडस्थित वड्स एकेडेमीमा उत्कृष्टता हाँसिल गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गरिएको छ।

शैक्षिकतर्फ वर्ष २०७९ मा तथा २०८० को अतिरिक्त क्रियाकलापतर्फ विभिन्न विधाहरुमा उत्कृष्ट हुन सफल विद्यार्थीहरुलाई आइतबार विद्यालय प्राङ्गणमा आयोजित समारोहमा पुरस्कृत गरिएको हो।

समारोहका प्रमुख अतिथि शिक्षासेवी नरेन्द्रमान लालचनले विद्यार्थीहरुलाई पुरस्कृत गर्दै वड्स एकेडेमीले शिक्षासंगै अतिरिक्त क्रियाकलापमा पनि उत्कृष्टता हाँसिल गर्दै गएको बताउनुभयो।निजीविद्यालयहरुले यसरिनै विद्यार्थीभित्रका प्रतिभाहरुको प्रस्फुटन गर्दै जानुपर्नेमा उहाँले जोड दिनुभयो । विशेष अतिथि एन प्याप्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले वड्स एकेडेमीले एन प्याप्सन अन्तर्गतका विद्यालयहरुमध्य खेलकुद, गायन लगायतका क्षेत्रमा अग्रणी रहेको टिप्पणी गर्दै आगामी दिनमा थप सफलता हाँसिल गर्न शुभेच्क्षा प्रकट गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेयरमान श्रेष्ठको अध्यक्षतामा भएको समारोहमा एन प्याप्सन कास्की उपाध्यक्ष मानकाजी गुरुङ, विद्यालयका प्राचार्य भगवती वाग्ले, सह-प्राचार्य विष्णुहरी देवकोटा, मावि शिक्षक तीर्थराज बाँस्तोला, झलक सुवेदी, सुजन नहर्की, प्राइमरी संयोजक गौरी ढकाल लगायतले पुरस्कार वितरण गर्नुभएको थियो । शिक्षिका गितादेवी डुम्रेले तथा विद्यार्थीद्वय पुजा वाग्ले र दिपलक्ष्या सुनारले सञ्चालन गरेको कार्यक्रममा विद्यालयका संस्थापक प्राचार्य प्रकास वाग्लेले स्वागत गर्नुभएको थियो।

वड्स एकेडेमी वर्ष २०७९ मा कक्षा ८ को नजितामा विश्लेषणको आधारमा तृतीय, जनप्रिय क्लवष्टरमा प्रथम तथा एन प्याप्सनको गायनतर्फ प्रथम हुन सफल भएको थियो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः
वि. स. १९९७/०२/०५ गते

स्वर्गारोहणः
वि.स. २०८०/११/२३ गते

**स्वः तिल कुमारी गुरुङ**

साविक कास्की जिल्ला, काहुँ गा.वि.स. वडा नं. ९ काहुँ पुख्यौली घर भई हाल पोखरा महानगरपालिका वडा नं.१३ कमलपोखरी मार्ग टोल बिकास संस्थाका सदस्य गंगा गुरुङ/जमुना गुरुङको ममतामयी हजुरआमा, लक्ष्मी गुरुङको ममतामयी आमा **तिल कुमारी गुरुङ**को ८४ औं वर्षको उमेरमा असामयीक निधन भएको आज पितृकार्य (अर्घौ) को अवसरमा दिवंगत आत्माको चिरशान्तिको  कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति बुद्ध भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**सु. ईन्द्रबहादुर गुरुङ**
**अध्यक्ष एवं**
**कमलपोखरी मार्ग टोल विकास संस्था परिवार**
**पोखरा-१३**


## कर्जा तिर्न आउने बारे ७ दिने अत्यन्त जरुरी सूचना

(**प्रकाशित मिति २०८०/११/२८**)

यस माझथुम कृषि सहकारी संस्था लि., पोखरा-२४, कास्कीको तपशिल बमोजिम उल्लेखित ऋणीले कृषि कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा तिर्नु, बुझाउनुपर्ने रकम तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तार ताकेता गर्दा समेत र मिति २०८०/११/११ गते प्रथम पटक पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत तपाई उपस्थित नभएको हुँदा यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीले कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता/भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र सहकारी संस्थालाई तिर्नु/बुझाउनेपर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जना र ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस सहकारी संस्था बिच भएको लिखितको शर्तअनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा हक लाग्ने चल अचल सम्पत्तिबाट समेत जिल्ला अदालतमा मुद्दा चलाई चल र अचल सम्पत्ति बिक्री गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणीलाई यसै सूचनाद्धारा जानकारी गराउँदछौँ।

**तपसिल**

| | |
|---|---|
| **ऋणीको नाम** | : **चित्रादेवी भट्टराई सुवेदी** |
| बुबा | : विन्दुप्रसाद भट्टराई |
| श्रीमान | : यज्ञप्रसाद सुवेदी |
| ससुरा | : मनीराम चुवाई (सुवेदी) |
| ठेगाना | : पोखरा -२४, कास्कीकोट खोरीयापानी (गुण्टेचौर), कास्की |



**माझथुम कृषि सहकारी संस्था लि.**
**पोखरा-२४, कास्की**

# विद्यालय परिसरमै च्याउ र तरकारीखेती : पढ्दै कमाउँदै विद्यार्थी

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ फागुन

विद्यालय परिसरमा नै च्याउ र तरकारीखेती गरेर म्याग्दीको मङ्गला गाउँपालिका-२ बाबियाचौर र मालिका गाउँपालिका-७ बिमका विद्यार्थीले पढाइसँगै पैसा पनि कमाएका छन् ।

पश्चिम म्याग्दीको मङ्गला -२ स्थित मङ्गला माध्यमिक विद्यालय र मालिका -७ बिममा सञ्चालित किसानी कृषि प्राविधिक शिक्षालयमा प्राविधिक धारअन्तर्गत बाली विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीले तरकारी, फलफूल र च्याउ उत्पादन गरी बिक्री गरेर आम्दानी गर्न थालेका हुन् । मङ्गला माध्यमिक विद्यालयमा प्राविधिक धार कक्षा (९-१२) मा बाली विज्ञान विषयमा पढाइ सुरु भएपछि विद्यार्थी कक्षाकोठाबाहेक खेतबारीमा समेत पुगेर च्याउ उत्पादन गरी बाबियाचौरमा बिक्री गर्दै आएका विद्यालयका प्रधानाध्यापक गमबहादुर खत्रीले जानकारी दिनुभयो । बजारमा विद्यार्थीले उत्पादन गरेको च्याउलाई विद्यार्थी च्याउले चिनिने गरेको छ। विद्यालयले प्राविधिक धारका विद्यार्थीलाई प्रयोगात्मक अभ्यासका लागि जग्गा भाडामा लिएर च्याउखेती सुरु गरेको छ। प्रधानाध्यापक खत्रीका अनुसार विद्यार्थीले उत्पादन गरेको च्याउ बजारमा प्रतिकेजी रु एक सय २५ मा बिक्री वितरण हुँदै आएको छ। "विद्यार्थीले उत्पादन गरेको च्याउ अहिले बाबियाचौर बजारमै खपत हुने गरेको छ, विद्यार्थीलाई आवश्यक पर्ने कृषि औजारदेखि बीउबिजन सबै उपलब्ध गराउँछौँ, विद्यार्थीले लगाएको च्याउको बजार खोज्नसमेत सघाउँछौँ", उहाँले भन्नुभयो । विद्यालयमा आधुनिक कृषि प्रणाली र उत्पादनका बारेमा सिकेको ज्ञान परम्परागत खेती गर्दै आएका अभिभावकलाई समेत सिकाउने गरेको प्रअ खत्रीको भनाइ छ। माघदेखि च्याउ उत्पादनमा लागेका विद्यार्थीले फागुनको पहिलो सातादेखि बिक्री गर्न थालेका छन् । बाली विज्ञान अध्ययनरत ४४ जना विद्यार्थीले सामूहिकरूपमा च्याउखेती गरेका छन् । विद्यार्थीको समय कक्षाकोठा र खेतबारीमा धेरै बित्ने गरेको छ । गाउँमै बाली विज्ञान पढ्न पाएकामा विद्यार्थी खुसी छन् । एक महिनामै उत्पादन गरी बजारमा लैजान सकिने र थोरै लगानीमा प्रशस्तै आम्दानी गर्न सकिने भएकाले च्याउखेतीका लागि समुदायलाई समेत सन्देश प्रवाह गरेको विद्यार्थी दिपेश थापाले बताउनुभयो । आइतबारसम्म बारीबाटै १७ केजीभन्दा बढी च्याउ बिक्री गरिएको उहाँको भनाइ छ।

विद्यालय उमेरमै पाठ्यपुस्तकसँगै व्यवहारिक ज्ञानसमेत आर्जन गर्न पाएकामा भविष्यमा प्राविधिक विषय पढेपछि बेरोजगार हुन पर्दैन भन्नेमा विश्वस्त रहेको विद्यार्थी बताउँछन् । नेपाल सरकारको नमूना विद्यालय मङ्गला माविले भाडामा लिएको दुई रोपनी जग्गामा यहाँ अध्ययनरत विद्यार्थीले च्याउ, बैमौसमी तरकारी, टमाटर, प्याजको बीउलगायतका उपज फलाउने गरेका छन् । विद्यालयमा विसं २०७६ मा नेपाल सरकारबाट कृषि विज्ञान सञ्चालनको अनुमति पाई नियमित पढाइ भइरहेको छ। उक्त धारमा प्रयोगशाला सहायक सहित नौजना दरबन्दी छ।

# वास्थला गनगने खानेपानी उपभोक्ता समितिमा देबकोटा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ फागुन



वास्थला गनगने पंधेराखोला खानेपानी उपभोक्ता समिति पोखरा १३ आर्वाको आईतवार सम्पन भएको छैटौं अधिवेशनले बद्री प्रसाद देबकोटा को अध्यक्षतामा ११ सदस्यिय नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ।

समितिको उपाध्यक्षमा राजन सिग्देल, सचिवमा नमुना बराल तथा कोषाध्यक्षमा मधु बराल चयन भएका छन्। समितिका सदस्यहरुमा भोजराज बराल, कृष्ण प्रसाद बराल, गोकर्ण बराल पदेन सदस्यहरुमा श्री मोहरपानी आदर्श टोल विकाश संस्था, लक्ष्मी नारायण टोल बिकाश संस्था, अर्धनारेश्वर टोल विकाश संस्था र छापाको चौतारा टोल बिकाश संस्था छानिएका छन् । अधिवेशनको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडानं १३ का वडा अध्यक्ष किरण बराललले वडा नं १३ का वासिन्दालाई खानेपानी जस्तो संवेदनशील विषयमा वडाकार्यालयबाट सबैखालको सहयोग गर्ने प्रतिवद्धता जनाए । उनले तत्काल वडा कार्यालयले यस खानेपानी समिती लाई मर्मत सम्हार का लागी वडा बाट २ देखी ३ लाख रुपैयाँसम्म बजेट विनियोजन गर्ने बचन दिए।

समितिका अध्यक्ष नर बहादुर बरालको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एकीकृत समाजवादी गण्डकी प्रदेशका अध्यक्ष एवं स्थानिय उपभोक्ता श्रीनाथ बराल, पत्रकार श्रीराम सिग्देल, समाजसेवी कृष्ण प्रसाद बराल, सान्तेडाडा सहेले वन उपभोक्ता समितीका अध्यक्ष कृष्ण प्रसाद बराल, अमर ज्योति आधारभुत विद्यालयका प्रधानाध्यापक बिमल बहादुर बराल, सस्थाका सल्लाहकार ऋषीराम सिग्देल, जेष्ठ नागरिक कल्याणकारी संस्था आर्वाका अध्यक्ष बलराम सिम्देल, समाजसेवी बसन्त शर्मा अधिकारी, शुकदेब बयल, हिमा परियार, रतनपाण्डे खानेपानी उपभोक्ता समितिका अध्यक्ष कृष्ण बहादुर बराल, जग्गादाता यम कुमारी बराल, लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। झण्डै ३०० उपभोक्ता आवद्ध यस समिति अन्तर्गत ४ वटा टोल विकाश संस्था पर्दछन्। समितिका अध्यक्ष नरबहादुर बरालको अध्यक्षको प्रतिवेदन कोषाध्यक्ष मधु बरालको कोषाध्यक्ष को प्रतिवेदन सर्वसम्मत पारित गरिएको थियो। कार्यक्रमको सञ्चालन सचिव सावित्री सिग्देलले गरेकी थिइन्।

# आलुको 'ब्राण्डिङ' गर्दै गण्डकी प्रदेश : बीउदेखि बजारीकरणसम्म किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ फागुन

चालु आर्थिक वर्षमा बागलुङमा आलुको व्यावसायिक खेती प्रवर्द्धनका लागि बीउदेखि बजारीकरणसम्म किसानलाई अनुदान दिन थालिएको छ।

बागलुङका १० वटै पालिका समेट्नेगरी समूह र सहकारीमार्फत आलुखेतीको व्यावसायीकरण गर्न थालिएको छ। एक सय ५० हेक्टर जग्गामा आलुखेती विस्तार गर्न रैथाने र उन्नतजातको आलुको बीउ प्रदान गर्ने, आलु गोडमेलमा यान्त्रिकीकरणको प्रयोग गर्ने, सिँचाइको व्यवस्था गर्ने, आलु खन्ने औजार वितरण गर्नेदेखि उत्पादनका आधारमा अनुदान र बजारीकरणमा सहयोग पुर्‍याउने गरी कृषि ज्ञान केन्द्रले धमाधम आलुखेती विस्तारका लागि किसानलाई प्रेरित गरेको छ।

ज्ञान केन्द्र बागलुङले गण्डकी प्रदेश सरकारको आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गत बागलुङको उच्च पहाडी क्षेत्रको एक सय ५० हेक्टर जग्गमा आलु लगाउन बीउदेखि उत्पादन भएको आलुको बजारीकरणको व्यवस्था मिलाएको छ । चालु आवमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम गर्न रु तीन करोड ६० लाख बजेट विनियोजन भएको थियो । जिल्लामा आलुको प्रवर्द्धन गर्नका लागि हालसम्मकै धेरै बजेट विनियोजन भएपछि किसान हर्षित भएर योजना कार्यान्वयनमा लागेका छन् । कृषि ज्ञान केन्द्र बागलुङका बाली विकास अधिकृत कुमार पुनका अनुसार आलुको व्यावसायिक उत्पादनसँगै आलु निर्यात गर्ने लक्ष्यका साथ गण्डकी प्रदेश सरकारले आलु किसानलाई प्राथमिकतामा राखेको बताउनुभयो। "ढोरपाटन, तमान, निसीलगायतका उच्च पहाडी क्षेत्रमा आलुखेती भइरहेकै छ, तर बजारीकरणमा भइरहेको समस्यालाई समेत अहिले यही योजनामार्फत कार्यान्वयन गर्न थालेका छौँ, एक वर्ष किसानले लगाउने आलुको बीउ, आलु लगाउन यान्त्रिकीकरण दिनेदेखि आलुको उत्पादनका आधारमा अनुदान दिएर बजारसम्म लैजाने काम गर्नेछौँ", उहाँले भन्नुभयो, "आलुको क्षेत्रमा आएको हालसम्मकै उच्च बजेट भएकाले एक सय ५० हेक्टर जमिनका आलु किसान उत्साहित हुने र आगामी दिनमा आलु उत्पादन बढाउने हाम्रो लक्ष्य हो।"

आलुको बीउदेखि बजारीकरणसम्मको कामकालागि जिल्लाभरका ६४ समूह र सहकारीसँग सम्झौता भइसकेको अधिकृत पुनले बताउनुभयो। उक्त कार्यक्रम सामूह र सहकारीमार्फत गर्दा धेरै किसान लाभान्वित हुने उहाँको भनाइ छ । उक्त कार्यक्रममा समावेश हुनका लागि न्यूनतम ३० रोपनी जग्गामा आलुखेती गर्न आवश्यक हुन्छ। अधिकांश सम्झौता भइसकेका किसानलाई बीउ दिन थालिएको उहाँको भनाइ छ।

जिल्लाको ढोरपाटन, निसेलढोर, तमानखोलाको लाममेला,नर्जाखानी,निसीखोलाको भल्कोट, सिप, गलकोटको पाण्डखानी, बडिगाडा रणसिंह कटेनी, ताराखोला, बरेङको सल्यान र सुखौरालगायतको क्षेत्रमा आलुको उत्पादन बढाउन उक्त कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रममा समावेश भएका सहकारी र कृषिक समूहलाई आलुको बीउ, औजार, सिँचाइ, आलु खन्ने मेसिन, बजारीकरणका लागि क्यारेट, विषादिसम्मको सहयोग ज्ञान केन्दले गर्ने गर्दछ । बागलुङको उच्च भागमा पाइने आलु निकै स्वादिष्ट मानिन्छ।

चालु आवमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि मात्रै ज्ञान केन्द्रले रु तीन करोड ६० लाख बजेट विनियोजन गरेको छ। यो कृषि ज्ञान केन्द्रको लागि छुट्याइएको कुल बजेटको झण्डै आधा बजेट हो। बागलुङको आलुको ब्राण्डिङ गर्न अहिलेको कार्यक्रमले सहयोग गर्ने छ।

स्थानीय आलु कहिएर जाने, बाहिरका आलु बजारमा भित्रिने किसानको गुनासो आएपछि एकैपटक धेरै आलु उत्पादन हुने भण्डारण गरेर राख्दा कुहिने भएकाले किसानले भनेजस्तो मूल्य नपाउने आवस्थामा गण्डकी प्रदेश सरकारको प्राथमिकता आलु प्रवर्द्धनात्मक कार्यक्रम पर्नु किसानका लागि सुखद् रहेको छ । रैथाने आलु र उन्नतजातका आलुको उत्पादन बढी हुने भएकाले यसपटक खायन आलुको उत्पादन बढ्ने भएको हो।

गण्डकी प्रदेशलाई आलुमा आत्मनिर्भर गराउने, आलुको ब्राण्ड गर्ने र पहाडी जिल्लामा खायन आलुको प्रवर्द्धन गर्ने उद्देश्य राखेर यस वर्ष आलुलाई छुट्टै बजेट विनियोजन गरेको गण्डकी प्रदेश सरकारले जनाएको छ । अघिल्लो वर्ष बागलुङमा तीन हजार छ सय ५५ हेक्टर जमिनमा आलु लगाइएको थियो। त्यसबाट ५९ हजार छ सय ५० मेट्रिक टन आलु उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। केन्द्रका अनुसार यस वर्ष आलु उत्पादन १० प्रतिशतले बढ्ने देखिएको छ । उत्पादित आलुमध्ये ३० प्रतिशत घर खान प्रयोग हुने र ७० प्रतिशत आलु किसानले बिक्री गर्ने गर्दछन् । आलुबाट किसानलाई आत्मनिर्भर बनाउन महत्त्वपूर्ण भूमिका खेल्न खायन आलु कार्यक्रमले सहज हुनेछ।

# किल्चोकको धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्दै हाइकर्स क्लब

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन

तनहुँको म्याग्दे गाउँपालिका-३, किलचोकस्थित अकला मन्दिर यस क्षेत्रमा प्राचीनकालदेखि धार्मिक पर्यटकीय गन्तव्यका रुपमा परिचित तीर्थस्थलमध्येको एक हो । प्राकृतिकरुपमा शिलामा कुँदिएका देवीका मूर्तिसँगै रहेका सिंह र नन्दी एवं विभिन्न देवी देवताका मूर्तिका आकृति नै यहाँका विशेष आकर्षण हुन्।

विशेषतः रातिको समयमा मन्दिर परिसरमा शङ्खघण्ट बज्ने गरेको विश्वासले यहाँको गरिमा र महत्व अझै बढाएको स्थानीयवासी बताउँछन् । अकला मन्दिरलाई धार्मिक पर्यटनको गन्तव्य बनाउनका लागि पछिल्ला समयमा सरकारी चासो र चर्चा बढिरहेको छ भने विभिन्न सामाजिक सङ्घसंस्थाले यसको प्रवर्द्धन र विकासलाई जोड दिएका छन्। पोखरा र आसपासका पर्यटकीय गन्तव्यलाई हाइकिङका माध्यमबाट प्रवर्द्धन गर्दै आएको हाइकर्स क्लब नेपालले आफ्नो ४४औँ शृङ्खला किल्चोकस्थित अकला मन्दिर र आसपासका पर्यटकीय गन्तव्यलाई लक्षित गरी सम्पन्न गरेको क्लबका अध्यक्ष कृष्ण रानाभाटले बताउनुभयो।

"हामी प्रत्येक महिनाको अन्तिम शनिबार पोखरा र आसपासका पर्यटकीय गन्तव्यलाई हाइकिङका माध्यमबाट प्रवर्द्धन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "सम्भावना भएर पनि प्रवर्द्धनका दृष्टिले पछाडि परेका गन्तव्यलाई उजागर गर्नु हाम्रो अभियानको मुख्य उद्देश्य हो ।" पोखरामा रही विभिन्न सेवा पेसा र व्यवसायमा आबद्ध व्यक्ति क्लबमा आबद्ध भएको बताउँदै उहाँले पछिल्ला समयमा हाइकिङप्रतिको आकर्षण दिनानुदिन बढ्दै गएको बताउनुभयो । हाइकिङको ४४औँ संस्करणमा ३७ जना सहभागी बनेको जानकारी दिँदै अध्यक्ष रानाभाटले पृथ्वीराजमार्गअन्तर्गत म्याग्दे गाउँपालिका-३ धर्यैरे चोकबाट सुरु भएको हाइकिङ बडगाउँ, किल्चोक अकला, बहपुर गाउँ, थानतिङ हुँदै जामुने कमलकोटीसम्म गरिएको बताउनुभयो । स्थानीयको जागरुकता हुने हो भने एकदिवसीय हाइकिङका लागि धर्यैरेदेखि जामुने कमलकोटीलाई उपयुक्त गन्तव्य बनाउन सकिने उहाँको भनाइ छ।

प्राचीनकालदेखि यस क्षेत्रकै महत्वपूर्ण धार्मिक आस्था एवं विश्वासको केन्द्र बनिरहेको अकला मन्दिर र आसपासका क्षेत्रलाई उजागर गर्न हाइकिङ महत्वपूर्ण बनेको उल्लेख गर्दै उहाँले पछिल्ला समयमा रमणीय गाउँहरू मानवविहीन बन्दै जानु गम्भीर चुनौतीका रुपमा रहेको बताउनुभयो । यहाँस्थित मन्दिरभित्रको विशाल शिलालाई परापूर्वकालदेखि नै अकलादेवीका रुपमा पूजाआजा गर्ने गरिएको स्थानीयवासी बताउँछन् । मनले चिताएको पुग्ने विश्वासका कारण तनहुँसहित कास्की, स्याङ्जा, लमजुङ गोरखालगायत स्थानबाट दर्शनार्थी आउने गरेका छन्।

# छनोट प्रतियोगितामा भाग लिने तेक्वान्दो टोली चीन जाँदै

**रासस**
काठमाडौं, २७ फागुन

फ्रान्सको पेरिसमा आगामी जुलाई २६ देखि अगष्ट ११ सम्म हुने ग्रीष्मकालीन ओलिम्पक तथा अगष्ट २८ मा आयोजना गरिने पारालिम्पिक गेम्सका लागि हुने एसियाली तेक्वान्दो छनोट प्रतियोगितामा सहभागी हुन तेक्वान्दोका दुई टोली चीन जाने भएका छन् । छनोट प्रतियोगिता आगामी चैत २ देखि ४ गतेसम्म चीनको ताइयाङमा हुँदैछ।

पेरिस ओलम्पिकको छनोटअन्तर्गत पुरुष ५८ केजीमुनि राहुल कुमाल र ६८ केजीमुनि वीरबहादुर महरा तथा महिला समूहमा ४९ केजीमुनि अन्जली तामाङ र ६७ केजीमुनि इन्दिरा बस्नेतले नेपालको चुनौती प्रस्तुत गर्नेछन् । प्रत्येक तौल समूहमा पहिलो र दोस्रो हुने खेलाडी पेरिस ओलम्पिकका लागि छनोट हुनेछन् । उक्त छनोट खेल भने चैत २ र ३ गते हुनेछ। त्यसका लागि टोली भोलि चीन प्रस्थान गर्दैछ । त्यसैगरी, पेरिस पारालिम्पिक छनोटअन्तर्गत पुरुष ५८ केजीमुनि भरतसिंह महता र ६३ केजीमुनि अमिर ब्लोन तथा महिला ५७ केजीमुनि पलेसा गोवर्द्धनले नेपालको प्रतिनिधित्व गर्दैछन्। पलेसा चौथो एसियाली पारा खेलकुदकी कास्य पदक विजेता हुन् । उक्त खेल चैत ४ गते हुनेछ। प्रतियोगितामा सहभागी हुने उक्त टोली भने चैत १ गते चीन प्रस्थान गर्नेछ। हरेक स्पर्धामा पहिलो हुने खेलाडी पेरिस पारालिम्पिकमा छनोट हुने प्रावधान छ । नेपाली ओलम्पिकको इतिहासमा अहिलेसम्म तेक्वान्दोबाहेक कुनै पनि खेलका खेलाडीले छनोट चरण पार गरी ओलम्पिक खेलेको इतिहास छैन।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ बाघसिह खहरे खोला तटबन्धन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः बाघसिह खहरे खोला तटबन्धन निर्माण
ठेगानाः पोखरा-१५, ठूली मजुवा
योजना सम्झौता मितिः २०८०/०९/२० गते
योजना शुरु मितिः २०८०/०९/२३ गते
योजना सम्पन्न भएको मितिः २०८०/११/११ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/२५ गते
योजनाको कुल लागतः रु. ३,३३,३३३/-
महानगरपालिकाबाटः रु. ३,००,०००/-
उपभोक्ताबाटः रु.३३,३३३/-
अध्यक्षः हित बहादुर बानिया सम्पर्क नं.: ९८०४१४३५९८
निर्माण समिति सदस्य संख्याः ७ महिला-३, पुरुष-४

**बाघसिह खहरे खोला तटबन्धन योजना निर्माण उपभोक्ता समिति पोखरा-१५, ठूली मजुवा**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २५ दाहालको डहर बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः दाहालको डहर बाटो निर्माण
ठेगानाः पोखरा-२५, हेमजा
योजना सम्झौता मितिः २०८०/१०/०२ गते
योजना शुरु मितिः २०८०/१०/०३ गते
योजना सम्पन्न भएको मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. ७,७८,८३६।४८
महानगरपालिकाबाटः रु. ७,००,०००/-
उपभोक्ताबाटः रु.७७,७७७।७७
अध्यक्षः अर्जुन बहादुर थापा सम्पर्क नं.: ९८४५५२२९९०
निर्माण समिति सदस्य संख्याः ७

**दाहालको डहर बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-२५, हेमजा**



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३, आर्वामा महाप्रभुधाम पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : महाप्रभुधाम पर्यटकीय पूर्वाधार
**उपभोक्ता समिति**: महाप्रभुधाम पर्यटकीय क्षेत्र पूर्वाधार उपभोक्ता समिति, पोखरा-१३, कास्की
**योजना सम्झौता मिति**: २०८०/०८/२६ गते
**योजना सुरु मिति**: २०८०/०८/२७ गते
**योजना सम्पन्न मिति** : २०८०/११/२५ गते
**महानगरपालिकाबाट** : रु. ३५,००,०००/-
**उपभोक्ताबाट** : रु. ३,८८,८८९/-
**जम्मा लागत** : रु. ३८,८८,८८९/-

**गोपिराज वराल**
अध्यक्ष
**महाप्रभुधाम पर्यटकीय क्षेत्र पूर्वाधार निर्माण उपभोक्ता समिति**
पोखरा-१३, कास्की